परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक ४५ •२०८० वैशाख २९ गते शुक्रबार •(12 May-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## रेशम चौधरी र लक्ष्मी महतो कोइरी लगायतको मुद्दा फिर्ता लिन विधेयक दर्ता




■ टक नेपाल

काठमाडौँ । टिकापुर घटनाका आरोपित रेशम चौधरी र मधेश आन्दोलनका भएको व्यक्ति हत्याका आरोपित लक्ष्मी महतो कोइरीको मुद्दा फिर्ता लिन सरकारले संसदमा विधेयक दर्ता गराएको छ। सरकारले 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक' केही दिनअघि संसद सचिवालयमा दर्ता गरेको हो । संसद सचिवालयका प्रवक्ता एकराम गिरीकाअनुसार सरकारले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक केही दिनअघि नै दर्ता गरेको हो। तर संसद सचिवालयको वेवसाइटमा केही समस्या आएको कारण विधेयक वेबसाइटमा भने राखिएको छैन । कानुन मन्त्रालय स्रोतका अनुसार केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा करिब १० वटा ऐनका केही बुँदाहरु संशोधनका लागि पेस गरिएको छ। जसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ पछि दफा ११६ 'क' थप गरिएको छ । उक्त दफामा राजनीतिक वा शान्तिपूर्ण आन्दोलनका क्रममा भएका आन्दोलन वा त्यसबाट भएको क्षतिलाई देखाएर सरकार वादी रहेर मुद्दा दायर गरिएको भए त्यस्तो मुद्दा फिर्ता लिन सकिने व्यवस्था गरिएको छ । बुँदामा ती मुद्दाहरु जुनसुकै अदालतमा विचाराधीन अवस्थामा रहेको भएपनि फिर्ता लिन सकिने उल्लेख गरिएको छ। उक्त विधेयक दर्ता भई संसदबाट पारित भएमा टिकापुर घटनामा दोषी ठहर गरिएका रेशम चौधरी लगायतका मुद्दा र मधेश आन्दोलनका क्रममा असई थमन विकको हत्यामा संलग्न भनी मुद्दा दायर गरिएका एमालेका सांसद लक्ष्मी महतो कोइरी लगायतका व्यक्तिका मुद्दा पनि फिर्ता लिन सकिने छ । त्यही प्रयोजनका लागि यी विधेयक दर्ता भएको श्रोतको दावी छ । संशोधनका क्रममा थप गरिएको बुँदामा भनिएको छ, 'कुनै राजनीतिक दल वा समूहले मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकामा त्यस्तो राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिवद्धता जनाई नेपाल सरकार र त्यस्तो राजनीतिक दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकार वादी भई दायर भएका मुद्दा फिर्ता लिने गरी सहमति

## भ्रष्टाचार रोक्न दलतन्त्र फाल्नुपर्छः प्रभु साह



■ टक नेपाल

सर्लाही । सर्लाही औ आम जनता पार्टीका अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले भ्रष्टाचार रोक्नलाई दलतन्त्र फाल्नुपर्ने बताएका छन् । बुधवार सर्लाही जिल्लाको बयलवासमा आयोजित आम जनता पार्टीको जिल्ला भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले दलीय भागबन्डाको कारण संस्थागत रुपमा भ्रष्टाचारले जड गाडेको जिकिर गरे । पैसा र पावरको भरमा हुने चुनावले लोकतन्त्रको प्रत्याभूति गराउन नसकेको बताउदै अध्यक्ष साहले दलतन्त्रको अन्त्य गरेर आम जनताको शासन ल्याउनुपर्ने बताए । "तपाईहरु हेर्न सक्नुहुन्छ, देशमा कसरी दलतन्त्र हाबी भएको छ । राष्ट्रिय सहमतिको नाममा सर्वदलीय भागबन्डा हुने गरेको छ। यस्ता सर्वदलीय भागबन्डाले भ्रष्टाचार लाई थप संस्थागत गरेको छ । दलले सरकार बनाउनको लागि संख्या पुर्याउनुपर्ने र संख्या पुर्याउन पैसा र पावर चाहिने रहेछ ।" अध्यक्ष साहले भने, "पैसावालाले मात्र चुनाव लड्ने र त्यस्ता व्यक्तिले पैसाको खेल गरेर भ्रस्टाचारलाई संस्थागत गर्ने गर्दछ । त्यसैले दलतन्त्र र त्यहाँभित्र हाबी वैयक्तिक स्वार्थको अन्त्य गरेर आम जनताको शासन स्थापित गराउनुको विकल्प छैन।" कार्यक्रममा आजपाका उपाध्यक्ष बद्रीप्रसाद न्यौपाने, महासचिव उपेन्द्र साह, प्रवक्ता चन्द्र भूषण साह, स्थायी कमिटी सदस्य रविन्द्र सिंह लगायत सहभागी थिए।

## भानु चोकमा रमेश महतोको सालिक बनाउनुपर्छ : ठाकुर




■ टक नेपाल

जनकपुरधाम। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले जनकपुरधामको भानुचोकमा मधेश आन्दोलनका सहिद रमेश महतोको सालिक राख्नुपर्ने धारणा राखेका छन् । जनकपुर विमान स्थलमा सञ्चार कर्मीहरुसँग कुराकानी गर्दै उनले रमेश महतोको सालिक राख्ने कुरा मधेश आन्दोलनको चाहना र जनताले माग भएको बताए । उनले भने, 'मधेश आन्दोलन गरेका युवा तथा मधेशका जनताले अहिले पनि आन्दोलन गरेर नै त्यहाँ रमेश महतोको सालिक राख्न चाहेका छन् । त्यसमा लोसपाको सहयोग रहने छ।' मधेश प्रदेशमा सरकार पुनर्गठन हुँदा लोसपाले पनि त्यसको नेतृत्व लिने भन्दै उनले त्यस विषयमा गठबन्धनमा छलफल चलिरहेको बताए ।



## ....सम्पादकीय

### भ्रष्टाचारीलाई दण्डित गर

हाम्रा शासक-प्रशासकहरुले कैयौं वर्षदेखि भ्रष्टाचारमा शून्य सहनशीलताको विषय उठाउँदै आइरहे पनि त्यसलाई व्यवहारमा उतार्न असफल हुँदै आइरहेका छन् । भ्रष्टाचार नियन्त्रणका लागि सबै राजनीतिक दल र नेताको सामूहिक प्रयास हुनुपर्छ तर हामीकहाँ भ्रष्टाचार नियन्त्रणको विषयलाई पनि राजनीतिकरण गरिन्छ, जुन निकै दुःखद छ । अहिले नक्कली भुटानी शरणार्थी प्रकरणमा अनियमितता गरेको आरोपमा उच्च तहका राजनीतिक तथा प्रशासनिक नेतृत्वहरु धमाधम पक्राउ पर्ने क्रम जारी छ। सरकार र प्रहरी प्रशासनले यो प्रकरणमा निष्पक्षतापूर्वक छानबिन गरी वास्तविक दोषी पत्ता लगाएर कडा कानुनी कारबाही गर्ने विश्वास गरिएको छ। यद्यपि विगतमा पनि यस्तै प्रकृतिका ठूला-ठूला काण्डमा सर कारले शुरुमा अनुसन्धान प्रक्रिया सशक्त पारे पनि पछि गएर ती अनुसन्धान तुहिएका र दोषीहरुले उन्मुक्ति पाएका धेरै उदाहरण छन् । वर्तमान सरकारले भने विगतको जस्तो गल्ती दोहोऱ्याउँदैन भन्ने विश्वाससमेत सर्वसाधारणले गरेका छन् । हामीकहाँ दलसँग सम्बन्धित व्यक्तिहरु भ्रष्टाचारमा लिप्त हुँदा पनि सो दलको प्रमुख नेतृत्वले त्यस्तो व्यक्तिलाई कार बाही गर्नुको साटो संरक्षण दिने खतरनाक प्रवृत्ति छ । यस्तो प्रवृत्तिले भ्रष्टाचार नियन्त्रणमा गम्भीर चुनौती थपिदिएको छ। हाम्रा तीनवटै सरकारका प्रायजसो सबै संयन्त्रहरु भ्रष्टाचारको दलदलमा परेर पक्षघातका बिरामीजस्ता भएका छन् । यसका कारण ती सरकारी निकायले जनताका तमाम खाले समस्या समाधानका लागि काम गर्ने छोडेका छन् । ती निकायमा र हेहरु अधिकांश भ्रष्ट चरित्रका छन् । कसरी हुन्छ धन कमाउनेमा नै उनीहरु लिप्त छन् । अहिले नक्कली भुटानी शरणार्थीसम्बन्धी अनियमितता सतहमा आए पनि त्यस प्रकारका कैयौं अनियमितता छन् । खोज्दै र छानबिन गर्दै जाने हो भने यहाँका धेरै राजनीतिक र प्रशासनिक नेतृत्व जे ल जानुपर्ने अवस्थामा पुग्नेछन् । हामीकहाँ भ्रष्टाचार यति धेरै मौलाएको छ कि यहाँको स्वास्थ्य, शिक्षा, स्थानीय तह, यातायात, मालपोत, जलस्रोत, शहरी विकास, भौतिक पूर्वाधार लगायतका निकायहरु भ्रष्टाचारको अखडा बनिरहेका छन् । यहाँका अधिकांश शासकहरु आमजनताका गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीजस्ता समस्यालाई कसरी समाधान गर्ने भन्नेमा छलफल गर्दैनन्, बरु कसरी हुन्छ फाइल मिलाएर अकुत सम्पत्ति आर्जन गर्न सकिन्छ भन्नेमा नै उच्च तहका नेता र प्रशासकको ध्यान जाने गरेको छ। अहिले सरकार का सबै क्षेत्रमा फस्टाएको माफिया र बिचौलियातन्त्रका कारण जनताले सबैभन्दा बढी सास्ती र पीडा भोग्नुपरिरहेको छ । शासनसत्तामा आउने नेताहरु जुन जोगी आए पनि कानै चिरेका जस्ता देखिन थालेका छन् । सबैजना कम्मल ओढेरै घिउ खान खप्पिस बन्दा भ्रष्टाचारले सीमा नाघ्न थालेको छ। भ्रष्टाचार निर्मूल पार्ने अभियान निकै चुनौतीपूर्ण भए पनि राजनीतिक नेतृत्वमा दृढ आत्मविश्वास र नैतिकता हुने हो भने भ्रष्टाचार नियन्त्रण गर्न खासै कठिन पनि छैन । जादुको छडीसरह यसलाई एकैपटक अन्त्य गर्न पनि सकिँदैन । तर मुख्य नेतृत्वमा रहने व्यक्तिहरु भ्रष्टाचार रोक्ने अभियानमा लागे भने भ्रष्टाचार धेरै हदसम्म न्यूनीकरण हुन सक्छ । मुहान सफा हुने हो भने तल बग्ने पानी स्वतः सफा हुन्छ। त्यसैले सुशासन कायम गर्ने अभियानको नेतृत्व प्रधानमन्त्री, मन्त्री र सचिवहरुले सामूहिक रुपमा लिनुपर्छ । बाहिर बोल्ने एउटा र भित्र अर्को गर्ने प्रवृत्ति पूर्णरुपमा रोकिनुपर्छ। भ्रष्टाचार नियन्त्रण गर्नका लागि मुलुकमा मौलाएको दण्डहीनताको संस्कृति अन्त्य हुनुपर्छ भने कानुनीराज पूर्णरुपमा स्थापित हुनुपर्छ । भ्रष्टाचार न्यूनीकरण हुन सक्यो भने पनि मुलुकको विकास र प्रगतिले छिट्टै गति लिन सक्छ।

# न्यायमा सहज पहुँच छैन पीडितलाई

■ शुरबहादुर सिंह

कर्णाली । हामी कस्तो न्याय प्रणालीबाट गुज्रिरहेका छौं ? न्याय प्रणालीको सम्पादन कसरी हुन्छ ? त्यसका लागि अपनाउनुपर्ने प्रक्रिया के हो भन्ने कुरा धेरै नेपालीले बुझेका छैनन् । जो घर, समाज, छिमेक र समुदायबाट विभिन्न पीडा खेपेर न्याय प्राप्तिका निम्ति कानुनी निकाय ढकढक्याउन मुद्दा प्रक्रियामा जान्छन्, अनि पहिलो खुड्किलादेखि नै उनीहरुलाई पीडा सुरु हुन्छ । पीडितलाई व्यक्तिगत, आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक विषयलाई कारण बनाएर घर समाजले पीडा दिएको हुन्छ । त्यही पीडा सहन नसकेर न्याय पाउन न्यायलयमा आउने एकाधबाहेक सबै पीडित आर्थिकरुपले कमजोर एवं विपन्न नै हुन्छन् । उनीहरु घर समाज आफन्तबाटै एक्लिएर न्यायलयमा आउँछन् । न्याय पाउने आशामा न्यायलय आउने उनीहरु भने धेरै ठूलो समस्या झेलेर अन्याय खेप्ने गरेको धेरै उदाहरणहरु छन् । घर समाज र छिमेकबाट पीडित हुने सबैभन्दा बढी महिला नै हुन्छन् । त्यसपछि दलित, गरिब, ज्येष्ठ नागरिक र बालबालिका पीडामा परेको घटना हाम्रो समाजमा धेरै पाउन सकिन्छ। महिला प्रायःआफ्नो श्रीमान् र आफन्तबाट पीडित हुने गर्दछन्। दलित कथित माथिल्लो जाति, गरिबहरु धनी र बलियो वर्ग, ज्येष्ठ नागरिक घर र बालबालिका परि वारसहित समाजको आपराधिक गिरोहबाट पीडित हुन्छन्। उनीहरुले न्याय पाउन सुरुमा धाउने निकाय भनेको प्रहरी प्रशासन नै हो । जुन निकाय सम्भ्रान्त वर्गबाट प्रभावित हुँदा त्यहाँ सामान्य ठाडो निवेदनले पीडितलाई न्याय दिलाउने कार्यको थालनी कार्य सकसपूर्ण हुन्छ । समाजको लक्षित वर्ग पीडित भएर आउँदा महिला तथा घरेलु हिंसा, अभद्र व्यवहारलगायतका जाहेरी दर्खास्त प्रहरी आफैंले लेख्न सक्ने व्यवस्था हुन्छ तर पनि उनीहरु विभिन्न दोष एवं आरोपबाट मुक्त हुन वकिलबाट लेखेर ल्याउन पीडितलाई सुझाउँछन्। अर्धन्यायिक निकाय प्रशासन प्रहरीसहित न्यायलयको नजिक हुनेका लागि केही सहज भए पनि ग्रामीण भेगबाट आउने पीडितहरुका लागि गास, बास र सुरक्षितस्थलको व्यवस्था गर्न नसक्ने अवस्था हुन्छ। त्यस्तो अवस्थामा कानुनी साहयता तथा परामर्श केन्द्रमा पुगेर वकिलबाट जाहेरी दर्खास्त लेखाउँदा पीडितहरुलाई झन् ठूलो आर्थिक एवं मानसिक पीडा सुरु हुन्छ। त्यहींबाट उनीहरुको जीवनमा हार मानसिकता र निराशा उत्पन्न हुन्छ।

**शुल्क मनोमानी असुलिन्छ**

पीडितले न्याय प्राप्तिका लागि सम्बन्धित निकायमा कानुनी बाटो अपनाउँदै लिखितरुपमा दिने र ती निकायले ग्रहण गर्ने जाहेरी दर्खास्त निवेदन, घरायसी लिखित, बैनापट्टा, भर्पाई, तमसुक र अदालतमा प्रयोग गरिने फिरादपत्र, मुचुल्का, बकपत्र यी सबै लिखत हुन्। ती लिखत लेख्ने र लेखेबापत सेवा शुल्क लिने प्रचलन निर्वाध चलिरहेको छ। ती लिखतको दररेट (शुल्क) मापदण्ड कति हो भन्ने कतै पाउन सकिँदैन। मूलतःआर्थिक आत्मनिर्भरता नभएकै कारण धेरै पीडा लिएर आएका महिला तथा विपन्न वर्ग त्यहींबाट अगाडि बढ्न निरुत्साहित हुन्छन्। अभद्र व्यवहार, महिला हिंसाको जाहेरी दर्खास्त लेखाउँदा कानुन व्यवसायीले मनोमानी रकम असुलेको पाइन्छ। उनीहरुले एउटा लिखत तयार गरेबापत रुपैँच हजारदेखि ३५ हजारसम्म लिने गरेको पीडितले बताएका छन् । घरेलु हिंसापीडित महिला दिलमाया शाहीले कानुन व्यवसायीले कतै पाँच, कतै सात, १०/१५ हुँदै ३५ हजार रुपैयाँसम्म शुल्क लिने गरेको पीडा पोख्नुभयो । पीडित शाहीले भन्नुभयो, "पीडित आर्थिकरुपले निकै कमजोर हुन्छन्। जहाँ राज्यका निकायले त्यसमा विशेष सहयोग गर्नुपर्ने हुन्छ भनिन्छ तर न्याय पाउने हकमा उनीहरुले झनै ठूलो अन्याय खेप्नुपरेको छ।" प्रायःपीडित समाजबाट नै एक्लिएका हुन्छन्। उजुरी हाल्दा साक्षी खोजिन्छ। त्यसमा पीडितका पक्षमा तीनदेखि पाँच जना साक्षी हुनुपर्ने भनिन्छ तर त्यो जुटाउन उनीहरुलाई हम्यहम्य हुन्छ। त्यसमा पीडित सदरमुकाम बाहिरको हुँदा आफू न्यायलयसम्म आउन धौधौ भइरहेका बेला साक्षीलाई पैसा भाडा हालेर न्यायलयसम्म पुऱ्याउन उनीहरुलाई त्यत्तिकै सकस हुन्छ । कानुनी संस्था जसले तयार गर्ने लिखत सम्बन्धित निकायले वैधानिक मान्ने हो भने लिखतको प्रकृति होला। कुन लिखत लेख्दा कति शुल्क लिने भन्ने दररेट वा मापदण्ड होला। अन्यथा पीडितबाट कुन कार्यविधि, मापदण्ड र निर्देशिकामा टेकेर सो शुल्क असुलिएको हो । कानुन व्यवसायीले आधिकारिक बिल, रसिद, भर्पाई वा निस्साबिना लिइने शुल्कलाई गैरअसुली मानिनुपर्ने आवाज उठ्न थालेको छ।

**न रसिद दिइन्छ, न शुल्क लिएबापत कर तिरिन्छ**

लेखापढी व्यवसायी अर्थात् वकिलबाट लेखिने सबै खाले लिखतबापत पीडितले शुल्क बुझाउँछन् । पीडितले कानुन व्यवसायीलाई लिखत तयार गरेबापत बुझाउने शुल्कको कुनै निस्सा भने पाउँदैनन् । उनीहरुले तोकेअनुसारको शुल्क हातमै दिनुपर्दछ तर त्यसको न भ्रेस्ता पाइन्छ न ती व्यवसायीहरुले आफूले लेखा राख्छन्। उनीहरुलाई यसरी हाताहाती दिइएको लिखतबापतको शुल्कबाट कर राज्य कोषमा जम्मा हुने कुरै भएन । यसरी असुल गरिने शुल्कबाट कानुन व्यवसायीले सरासर राजस्व छली गरेको पाइन्छ। पछि केही पर्दा अर्को जाहेरी दरखास्त नलेख्ने वा मुद्दाका अन्य काम नगरिदिने हो कि भन्ने डरले पीडितले आफूले बुझाएको शुल्कको रसिद नै माग्दैनन् र पैसा धेरै वा थोरै कति लिने दिने काम भएको भन्नेबारे पनि खुल्न चाहँदैनन्। यसमा लिने दिने दुवै पक्ष नखुले पनि पीडित नै बढी मारमा परेको पाइन्छ। कानुनी भाषा बोल्ने, लेख्ने र बहस गर्ने कानुन व्यवसायीले नै ऐन, नियम र मापदण्ड मिचेर राजस्व ठग्ने गरी शुल्क असुल्नुलाई कानुनसम्मत मान्न नसकिने तर्क गर्न थालिएको छ । 'कानुन व्यवसायीको पेसागत आचरणसम्बन्धी नियमावली, २०७९' को दफा ३ को (ज) अनुसार सेवाग्राहीलाई मुद्दामा लाग्ने अनुमानित खर्चमा पूर्वजानकारी दिने, शुल्कबापत सेवाग्राहीबाट रकम यथासम्भव बैंकबाट भुक्तानी लिने र भुक्तानीको भर्पाई दिने व्यवस्था गर्ने तथा सेवा शुल्कको हिसाब दुरुस्त राखी लेखापरीक्षण गराइ कर चुक्ता प्रमाणपत्र लिने उल्लेख गरेको छ । फर्म खोलेका सबै कानुन व्यवसायीले स्थायी लेखा नम्बर लिएकै छन् तर हाताहात लिएर खल्तीमा हालिने शुल्क र कमले स्पष्ट कारोबार कति हो भन्ने कुराको पारदर्शिता सजिलै पाउन सकिँदैन । अधिकांश कानुन व्यवसायीले कुनै मुद्दासँग सम्बन्धित लिखत तयार पारेबापत लिने शुल्क मनासिव नहुने गरी लिएको पीडितको भनाइ छ। सेवाग्रहीबाट शुल्क लिएपछि निस्सा वा रसिद कुनै पनि दिइँदैन र मनोमानी तरिकाले शुल्क असुल्ने गरिएको उनीहरुको भनाइ छ।

**गैरकानुनी काम गर्नेलाई दण्डको व्यवस्था**

नियमावलीको दफा ३ को (झ) मा कुनै पनि कानुन व्यवसायी, फर्म वा कम्पनीले कानुनबमोजिम स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था गरेअनुरुप सो नम्बर लिए पनि सरकारलाई तिर्नुपर्ने राजस्वमा छली हुनसक्ने आशङ्का गरिएको छ। सरकारलाई तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा, राजस्व नतिर्ने उद्देश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी, प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरे वा नबुझाएमा जस्ता गैर कानुनी काम गर्नेलाई दण्ड सजाय हुने व्यवस्था गरेको छ। कानुन व्यवसायीबाट भने यो खुलेआमा नै भएको पाइन्छ। उनीहरु आफैंले कुनै पनि लिखत लेखेबापतको निस्सा नदिएरै पैसा लिने गरेको बरु त्यसमा पीडितको अवस्था हेरेर केही कम रकम लिने गरेको बताएका छन् । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को परिच्छेद ५ को दफा २५ बमोजिम राजस्व चुहावट गर्ने व्यक्तिलाई बिगोको दोब्बरसम्म जरिवाना गरी कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । नेपाल बार काउन्सिल परिषद्ले पीडितको कुनै पनि जाहेरीवालाको लिखतबापत भनेर शुल्क निर्धारण नगरिएको बताएको छ । कसैले कानुनविपरीत काम गरेबापत न्यायालयमा उजुरीका रुपमा दिने कानुनी लिखत तयार गर्न एवं कानुनको परिधिभित्र रहेर कानुनकै पालन गर्नेगरी त्यही विषयमा लेख्ने कानुन व्यवसायीले अवैध बाटो बाट मनोमानी तरिकाले शुल्क उठाउन नहुने तर्क गर्न सकिन्छ।

**शुल्कका विषयमा के भन्छन् कानुन व्यवसायी ?**

सुर्खेतका अधिवक्ता गीता कोइरालाले पीडितको उजुरी लेख्नका कति शुल्क लिने हो भन्ने कुनै दररेट कायम नभएको बताउनुभयो । कानुन तथा लेखापढी व्यवसायीले आआफ्नै तरिकाले लिखत तयार गरेबापतको शुल्क लिने गरेको जनाउनुभयो। आफूले पीडितलाई जतिसक्दो सहज हुने गरी सहयोग गर्दै आएको अधिवक्ता कोइरालाको भनाइ छ। उच्च अदालत बार एशोसिएसन सुर्खेतका अध्यक्ष उत्तम आचार्यले समझदारीका आधारमा लेनदेन हुने काम हुँदै आएको बताउनुभयो । जाहेरी, फिराद, प्रतिउत्तर, रिट, बहस लेखेबापत भुक्तानी दिने व्यक्तिको क्षमताका आधारमा लिने गरेको उहाँको भनाइ छ । आर्थिक अवस्था कमजोर भएका पीडितलाई न्यून शुल्क लिएर पनि काम गरिएको उहाँले जनाउनुभयो । अध्यक्ष आचार्यले भन्नुभयो, "निस्सा लिँदा अलि बढी लिएर मात्र निस्सा दिइन्छ । शुल्क निर्धारणका बारेमा कानुन व्यवसायी परिषद् ऐनमा समेत उल्लेख गरेको छैन । राज्यले कि कानुन बनाएर तोकेमा एउटा कुरा हुने भयो अन्यथा बार काउन्सिलमा समेत कति शुल्क लिने भनेर निर्धारण गरेको छैन ।" नेपाल बार एकाइ सल्यानका अध्यक्ष चन्द्रप्रकाश ओलीले जाहेरी निवेदन लेखेबापत रु दुईदेखि तीन हजार र फिरादपत्र लेखेको रु आठ हजार दुई सयसम्म लिने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारी मुद्दामा वकिलअनुसार फरकफरक तरिकाले शुल्क लिइन्छ । ती मुद्दामा रु २० हजारसम्म लिएको पनि पाइन्छ ।" नियमसम्मत शुल्क लिने दिने काम नहुँदा समस्या भएको उहाँको भनाइ छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००५० | जनकपुर आँखा अस्पताल | ५२०३५७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००५७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्वुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०५ | एम्वुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्वुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्वुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०५०, ५२६०५१ |
| एकिकृत सेवा केन्द्र वर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्वुलेन्स | ०२५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत पनि प्राप्त हुनेछ। | तुला | परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम बिग्रन सक्छ। |
| वृष | दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। | वृश्चिक | अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| मिथुन | स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। | धनु | बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर जुट्नेछ। |
| कर्कट | दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। | मकर | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। |
| सिंह | समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। | कुम्भ | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। |
| कन्या | अध्ययनमा राम्रो प्रगति हुनेछ। | मीन | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।

# चलचित्र 'हल्कारा' आजबाट प्रदर्शनमा




■ टक नेपाल

काठमाडौं । अहिले प्रविधिमय जीवनमा कसैलाई केही भन्नु छ वा सन्देश पुऱ्याउनु सहज छ। प्रविधिले दिएको यो सहजताको समयमा गाउँ-गाउँ पुगेर चिठ्ठी वितरण गर्ने हुलाकी अर्थात् 'हल्कारा'को कथामा बनेको चलचित्र आजदेखि प्रदर्शनमा आएको छ । कलात्मक शैलीलाई उजागर गरेर तयार गरिएको चलचित्र बजारमा आइरहेका मसालेदारभन्दा कम नरहेको निर्देशक विक्रम सापकोटाले जानकारी दिए। उनले नेपालमा गरिएका सोमार्फत चलचित्रले राम्रो प्रतिक्रिया पाइरहेको बताए। 'हामीले देखाउन खोजेको विषयलाई दर्शक बनेर विशेष प्रदर्शनीमा हेर्नुभएकाले महसुस गरे । सार्वजनिक प्रदर्शनमा पनि दर्शकको मन जित्नेमा विश्वस्त छौं', उनले भने, 'हुलाकीको आँखाबाट भनिएको जीवनको मर्मस्पर्शी कथा बोकेको चलचित्रमा वैदेशिक रोजगारीको आयामलाई प्रस्तुत गरिएको छ ।' हुलाकीको सपना र अन्तरसङ्घर्षलाई प्रस्तुत गरिएको सो चलचित्रमा गाउँको परिस्थिति र सामाजिक सचेतना पनि समेटिएको छ । निर्देशक सापकोटा नेपालमा स्थापित चलचित्रको भाष्य शैलीमा समेत यसले परिवर्तन ल्याउनेमा विश्वस्त छन् । उक्त चलचित्रमा महेश त्रिपाठी, विनिता थापामगर, उमेश तामाङ, पशुपति राई, दीपक क्षेत्री, विद्या कार्कीलगायत कलाकारले अभिनय गरेका छन् । चलचित्रमा शीर्षभूमिका अभिनेता महेश त्रिपाठीले निर्वाह गरेका छन् । हुलाकीलाई बाल्यकालमा देखेका अभिनेता त्रिपाठीलाई चरित्र निर्माण गर्न निर्देशक सापकोटाले पटकथामा तयार पारेको पात्रले सहज बनायो । 'चलचित्रले बाल्यकालको स्मृतिलाई ताजा बनायो । हुलाकीसँग जोडिएको सन्दर्भ सम्झेँ । आफ्नो पात्रलाई पढेपछि बाध्यता र स्थितिलाई महसुस गरेँ', अभिनेता त्रिपाठीले भने । चलचित्रमा विनिता थापामगरले अर्को महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छन् । रङ्गमञ्च हुँदै चलचित्रको पर्दामा आइपुगेकी अभिनेत्री थापामगरलाई मुख्य चरित्र निर्वाह गर्न धेरै समय लाग्यो । अभिनेत्री थापामगरले भनिन्, 'यसमा अभिनेत्रीको परिभाषालाई पछ्याइएको छैन । उसको सुन्दरता अनुहारमा नभई पात्रको विभिन्न आयाममा झल्किन्छ। पात्र बाँचेकी छु।' यसको लेखक निर्देशक सापकोटासँगै कवि विप्लव प्रतीक र आकाश बराल छन् । चिन्तन राजभण्डारी छायाँकार रहेको चलचित्रलाई कालीपार स्टुडियो र आइसफल प्रडक्सन मिलेर निर्माण गरेका हुन् । चलचित्रलाई जिजीए समूहअन्तर्गत रहेर करण श्रेष्ठले वितरण गरेका थिए।

# गौशलामा कथित ठूला........................

यसरी भयो घटना बालक अविनाश पासवान वैशााख २६ गतेको दिन गौशला १ मा स्थानीय सुरतन यादवको आमा बितेको १३औं दिनको पुण्यतिथिमा अन्तिम भोज कार्यक्रममा टेन्टको काम गर्न आएका थिए। अविनास संगै काम गर्न आएका अन्य जातिका उसको साथीहरुलाई पनि एकातिर बसेर भोज खादै गर्दा सोहि वडामा घर भएका ४० वर्षीय रामबिनेक यादवले अविनास पासवानलाई त तल्लो जातको मान्छे यहाँ किन आएको र किन भोज खाको भन्दै भोज खाने ठाउँ मै आएर गाली बेईज्जिती गर्दै पिटेका थिए। यादवले कुटपिट गर्न थाले पछि हल्लाखल्ला भएर भोज आयोजना गर्ने सुरतन यादव आएर आफूले भोज खान भनेपछी राम बिनेक यादवले उसलाई छोडेको थियो । पछि भोज खाएर घर फर्किने बेला अविनाशलाई कुसमारी टोल जाने बाटोमा रातिको ९ बजे तिर राम बिनेक यादवले बाटोमा धेरा हाली कुटपिट गरेको पिडित बालकले बताए। पिडित बालक अविनाशले भने, "दलित तल्लो जातको भन्दै मारि दिने धम्की दिँदै कुटपिट गरे। म त्यहाँबाट जसोतसो ज्यान बचाएर भाग्न सफल भए।" अविनाशले वैशाख २७ गते इलाका प्रहरी कार्यालयमा राम बिनेक यादव बिरुद्ध उजुरी हालेका थिए तर यस घटना प्रति अहिले सम्म प्रहरीले कुनै चासो नलिएको बताउनुभयो। यस घटनालाई प्रहरीले सामान्य रुपमा लिएको देखिन्छ। प्रहरी निरिक्षक मनोज यादवले घटना भएको तर सामान्य कुटपिटको घटना भएकोले दुबै पक्षलाई बोलाएर मिलाउने बताउनुभयो । पीडित परिवारले यस घटनामा कुटपिट गर्ने राम बिनेक यादवले यस अघि पनि अविनास पासवानको आमालाई समेत कुटपिट गरेका थिए । त्यति बेला पनि प्रहरीले कुनै चासो नलिएको पीडितले बताए । यस अघि महोत्तरीमा सोनमा गाउँपालिका पनि जातीय विभेदको घटना केहि महिला अघि भएको थियो । सोनमा एक महतो थरका व्यक्तिले दलितको भोज खाएको भन्दै समाजिक बहिष्कार गरेको घटना सार्वजनिक भएको थियो । सहकर्मी धर्वेन्द्र कुमार यादवले महोत्तरीमा भएको यस्ता घटनामा प्रहरी किन चासो लिदैंन भनेर प्रश्न गरेका छन् साथै उनले स्थानीय सरकार संग बजेट पनि हुन्छ तर जातीय छुवाछुत विरुद्धको कुनै कार्यक्रमहरु कहिल्यै संचालन नगरेको गुनासो गर्नुभयो ।




# पार्टीको झण्डा नबोकी भ्रष्टाचारविरुद्धको अभियानमा सहभागी हुन रवि लामिछानेको आह्वान

■ टक नेपाल

काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पार्टीको झण्डा नबोकी भ्रष्टाचारविरूद्ध अभियानमा सहभागी हुन आह्वान गरेका छन्। शुक्रबार सामाजिक सञ्जालमार्फत् पूर्वगृहमन्त्री समेत रहेका लामिछानेले भ्रष्टाचार देशको साझा दुष्मन भएकाले जसले गरेपनि पार्टीको झण्डा र नारा नबोकी रास्वपाका समर्थकहरूलाई सहभागी हुन आह्वान गरेका हुन्। उनले भनेका छन्, 'भ्रष्टाचार यो देशको साझा दुश्मन हो। त्यसैले म दलको नेता भएर होइन सचेत नागरिक भएर यहि कार्यक्रममा सहभागी हुदैछु। राम्रो काम जसले गरेपनि सघाउनुपर्छ। देशभर यस्ता कार्यक्रम जहाँ जसले गरेपनि पार्टीको झण्डा,नारा नबोकी रास्वपा समर्थकहरु सकेसम्म सहभागी हुनु होला। भ्रष्टाचार विरुद्ध एक हौं। नेपाल प्रहरी लाई धन्यवाद र थप हौसला दिन सहभागी बनौं।'



सभापति लामिछानेले यसअघि नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वगृहमन्त्री बालकृष्ण खाँड पक्राउ परेपछि गृहमन्त्री नारायणकाजी श्रेष्ठ, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रहरीलाई धन्यवाद दिएका थिए ।






# भ्रष्टाचारबिरुद्ध नेकपा एसले प्रदर्शन गर्ने




■ टक नेपाल

काठमाडौं । नक्कली भुटानी शरणार्थी प्रकरणमा जारी अनुसन्धानलाई अघि बढाउनका लागि दबाब स्वरुप आज देशैभरी प्रदर्शन गर्न लागिएको सो पार्टीका नेता बिजय पौडेलले जानकारी दिए । 'यही बैशाख २८ गते दिनको १ बजे देशका सबै जिल्लामा विरोध प्रदर्शन गरौं, पौडेलले भनेका छन्, 'जनबर्गीय सङ्गठनहरूको मोर्चा सङ्गठनको यस अभियानमा साथ दिन पार्टीका सबै तहका सङ्गठनहरू समक्ष हार्दिक अनुरोध गर्दछौ ।' उनका अनुसार हिजो माइतीघर मण्डलामा पनि पार्टीका भातृ संगठनले प्रदर्शन गरेका थिए ।


## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

**प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

मितिः २०८० /०१/२९

उपरोक्त समबन्धमा चालु आ.व. २०७९/०८० मा यस मनराशिस्वा नगरपालिका मार्फत संचालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत रु ६,२५,०००.०० (अक्षेरेपि रु छ लाख पचिस हजार मात्र) रकमबाट जनही रु २५०००.०० को दरले २५ जना सुनौलो हाजार दिनका आमाहरुका लागि पोषण सुधार कार्यक्रममा महिला समुह /महिला सहकारी लाई शुरुवात अनुदान वितरण गरि महिलाको सामाजिक तथा आर्थिक शसक्तिकरण र व्यवशायिक उद्यमशीलता प्रवर्धन गर्नका लागि महिला सहकारी तथा समुहलाई उद्यमशीलता विकाशका लागि अनुदान कार्यक्रम संचालन गर्न लागिएको हुँदा मनरशिस्वा नगरपालिका भित्रका सुचिकृत गराईएको तथा बहुक्षेत्रीय पोषण कार्यक्रम श्रोत सामग्री (स्थानीय तहको लागि तयार गरिएको )२०७८ बमोजिम योग्यता पुगेका इच्छुक महिला सहकारी /संस्था/महिला समुह /आमा समुहले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा तपसिलका कागजातहरु सम्लंगन राखी यस नगरपालिकाको कार्यालयमा कार्यक्रम प्रस्ताव दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

१.निवेदन र समबन्धित वडा कार्यालयको सिफारिस पत्र
२.सहकारी संस्था वा समुहबाट प्रमाणित गरिएको कार्यक्रमको प्रस्तावना
३.अनुदान कार्यक्रममा सहभागी हुन समबन्धित सहकारी /संस्था वा समुहको कार्यसमिति बैठक निर्णयको प्रतिलिपि
४.सहकारी वा समूह दर्ता प्रमाण पत्र तथा विधानको प्रतिलिपि
५. स्थायी लेखा नम्बर,मु.अ.कर दर्ता र गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
६.गत आ.व.को लेखा परिक्षण प्रतिवेदन
७.चालु आ.व.मा कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको स्व घोषणा पत्र

**मनराशिसवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**


# ५ सय ५६ वटा चौरी गाईको पुच्छरसहित महोत्तरीबाट ४ जना पक्राउ




■ टक नेपाल

महोत्तरी । सशस्त्र प्रहरीले महोत्तरीको जलेश्वर नगर पालिका ३ मा रहेको मलिवाडा बसपार्कबाट पाँच सय ५६ वटा चौरी गाईको पुच्छरसहित चार जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जलेश्वरकै विकासकुमार महत्तो, धादिङको गजुरी गाउँपालिका ८ का ३६ वर्षीय उमेशबहादुर बस्नेत, बाराको सिमरा नगरपालिका १ का ६० वर्षीय सुमन मान्नधर र धनुषाको हसपुर नगरपालिका ४ का ३७ वर्षीय मोहमद अजिन रहेका सशस्त्र प्रहरीले जनाएको छ। काठमाण्डौबाट जलेश्वर हुँदै मलिवाडा रुटमा चल्ने प्रदेश २-०३-००१ ख १२१५ नम्बरको बसबाट मलिवाडा बसपार्कमा चौरी गाईको पुच्छर निकाली ठेलामा राख्ने क्रममा सशस्त्र प्रहरी बल नेपाल नम्बर ९ गण महोत्तरीले चार जनालाई पक्राउ गरेको हो । बरामद भएको चौरी गाईको पुच्छरको बजार मूल्य २८ लाख ३० हजार रुपैयाँ रहेको बताइएको छ । पक्राउ परेकाहरूलाई चौरी गाईको पुच्छरसहित आवश्यक कारबाहीका लागि सशस्त्र वन सुरक्षा शाखा माईस्थान महोत्तरीमा बुझाइएको छ ।

# गौशलामा कथित ठूला जातिको भोज खाएको निहुमा एक दलित बालक माथि कुटपिट

■ टक नेपाल



महोत्तरी । महोत्तरीमा कथित ठूला जातिको भोज खाएको निहुँमा एक दलित बालक माथि कुटपिट भएको छ। गौशाला नगरपालिका १ बस्ने सत्रुधन पासवानको १६ वर्षीय छोरो अविनास पासवान माथि वैशाख २६ गते राती स्थानीय ४० वर्षीय राम बिनेक यादवले कुटपिट गरेका हुन्। पीडित परिवारजले वैशाख २७ गते इलाका प्रहरी कार्यालय गौशालामा जातीयछुवाछुतको नाममा कुटपिट गरिएको भनि उजुरी गरेपनि कुनै सुनवाई नभएको बालकका बुवा शत्रुधन पासवानले बताउनुभयो । पीडित पक्षले न्यायको लागि पहल गरि दिनु भनि मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) महोत्तरी का प्रतिनिधि अजयकुमार साहलाई लिखित रुपमा नै निवेदन दिएका छन् ।

*-बाँकी पृष्ठ ३ मा*


"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com